## मिति २०८१/०९/०७ गते आइतबार, १६७ औं कार्यपालिका बैठक

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।

२. आय र व्ययको विवरण सम्बन्धमा।

३. संघीय समपुरक तथा विशेष योजना छनौट सम्बन्धमा।

४. सरसफाई व्यवस्थापनको ठेक्का सम्झौता गर्ने सम्बन्धमा।

५. योजना संशोधन तथा रकमान्तर सम्बन्धमा।

६. ठेक्काको म्याद थप सम्बन्धमा।

७. कार्यविधि पारित तथा पेश सम्बन्धमा। (टोल विकास संस्था गठन तथा संचालन कार्यविधि पारित गर्ने तथा अल्पकालिन सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ पेश)

८. डिप बोरिङको भुक्तानी बाँकी सम्बन्धमा।

९. लागत सहभागिता रकम फिर्ता दिने सम्बन्धमा।

१०. विद्युत पोल सार्नका लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा।

११. विद्यालयको नाममा जग्गा दर्ताका लागि सिफारिस गर्ने सम्बन्धमा।

१२. सांगवेद संस्कृत मा.वि.(गुरुकुल) स्थित उत्तर वाहिनी गंगेश्वर शिवालयको डि.पि.आर. तयार गर्ने सम्बन्धमा।

१३. वडा प्रहरी कार्यालयको गाडी मर्मत खर्च भुक्तानी सम्बन्धमा।

१४. विविध

- निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाललाई रनिङ शिल्डका लागि आर्थिक सहयोग।
- नेपाल निजामती कर्मचारी संगठनलाई दोस्रो अधिवेशनका लागि आर्थिक सहयोग।
- वडा नं. ११ बस्ने बालिका गन्धर्वलाई औषधीउपचारका लागि आर्थिक सहयोग।
- विद्यालयको खातामा रहेको रोक्का रकम फुकुवा गर्ने सम्बन्धमा।
- शोक प्रस्ताव पारित सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

निर्णय नं. २

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को मंसिर महिनासम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,४२,७७,१८,०००।- | ६२,९३,९७,८५१.४४।- | ३४,९३,५८,७१५.७४।- (२७.१३%) | ७,१३,५०,६५५।- (६.२६%) | |

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकामा आ.व. ०८२/०८३को लागि तपसिल बमोजिमका आयोजनाहरु संघ सरकारको विशेष अनुदान एवं समपुरक अनुदान सहायता अन्तर्गत सञ्चालन गर्न विशेष अनुदान सम्बन्धी कार्यविधि(तेस्रो संशोधन) २०७७ को अनुसूची-१ एवं समपूरक अनुदान सम्बन्धी कार्यविधि(तेस्रो संशोधन) २०७७ को अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने ।

**१. संघ समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु**

| सि.नं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | भानपुरदेखि निमुरिया सडक स्तरउन्नती घोराही वडा नं. ४ र २ | | |
| २ | घोराही १६ सुन्दरनगर टोलदेखि झडवा, दामोदर रोडहुँदै वडा नं. ६को पिपलछहारीसम्मको सडक स्तरउन्नती | | |
| ३ | घोराही ५ दामोदर सडकदेखि त्रिपुर टोल पञ्चमी बगरसम्म बाटो स्तरउन्नती | | |
| ४ | सुर्केडाँगीदेखि चावलीघाटसम्म सडक स्तरउन्नती | | |
| ५ | घोराही १७ कर्जाहीदेखि धारापानी सडक स्तरउन्नती घोराही ६ | | |
| ६ | बाहुनडाँडादेखि दहसम्म सडक स्तरउन्नती घोराही १३ | | |

**२. संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु**

| सि.नं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | घोराही १७ ढिकपुरमा कभर्डहल निर्माण | | |
| २ | मुसोट खानेपानी ३ ढुङ्गाहान्ने खानेपानी घोराही २ र गुरौं खानेपानी घोराही १२ | | |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको फोहर व्यवस्थापनको कार्य घोराही उपमहानगरपालिकाबाट हुँदै आएकोमा फोहोर व्यवस्थापनको कार्य निजिक्षेत्रसँगको सहकार्यबाट गर्नका लागि मिति २०८१।०५।०५ गते नियमानुसार बोलपत्र आव्हान गरि प्राप्त प्रस्तावहरु मध्ये छनौट भएको संस्था सगरमाथा मल्टी सर्भिस/देव सरसफाई सेवा जेभी काठमाण्डौसँग उर्जा विकास कम्पनी, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र तथा घोराही उपमहानगरपालिका विचमा भएको २०७५।०८।०३ गते भएको सम्झौता बमोजिम संकलन भएको कुहिने फोहर बायोग्याँस प्लान्टमा साविककै व्यवस्था अनुसार उपलब्ध गराउने र नकुहिने फोहर ल्याण्डफिल साइटमा पुर्याउने गरी ठेक्का सम्झौता गर्ने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको नगरसभाको १५औं अधिवेशनबाट स्वीकृत आ.व. २०८१/८२मा संचालनका लागि स्वीकृत केही योजना तथा कार्यक्रम विविध कारणले संचालन तथा कार्यान्वयन हुन नसक्ने अवस्था रहेको र केही योजना तथा कार्यक्रम संचालन गर्न अत्यावश्यक रहेको तर रकम अभाव रहेकोले घोराही उपमहानगरपालिकाको नगरस्तरीय योजनाको हकमा विषयगत समितिको निर्णय तथा वडास्तरीय योजनाको हकमा सम्बन्धीत वडा समितिको निर्णयका आधारमा शीर्षक संशोधन तथा रकमान्तर प्रस्ताव नगरसभाको १६औं (हिउँदे)अधिवेशनमा पेश गर्ने गरी स्वीकृत गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८०को नियम १२०, १२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो पटक म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/47/079/080 | वडा नं. १८ नेपाली सेना व्यारेकहुँदै ढोडेनी जाने बाटोमा कल्भर्ट निर्माण र वडा नं. ११को सुकै खोलामा कल्भर्ट निर्माण | सिद्ध कुमाख विल्डर्स प्रा.लि. काठमाण्डौ १० | | २०८१।०३।३१ | २०८१।०९।१४ |
| २ | NCB/WORKS/GSMC/26/079/080 | वडा नं. ३ झिङ्नी चोकदेखि नवनिर्मित वडा कार्यालयसम्म सडक स्तरउन्नती | अपर्चुनीटी कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ ३ टोखा | २०८०।०६।१८ | २०८०।०३।३१ | २०८१।११।२९ |
| ३ | NCB/WORKS/GSMC/08/078/079 | कर्नेरदेखि दलजितपुरसम्म, भैसाही चोकदेखि गैरागाउँहुँदै सर्रा जोडने सडक, कटुवा खोला शंखेपिपल देखि १८ नं. वडा कार्यालयहुँदै अम्बिकेश्वरी मन्दिर जाने सडक पिच | आर.डि./हाम्रो जे.भी. | २०७९।०१।०७ | २०७९।०३।३२ | २०८१।०९।२१ |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको महिला बालबालिका तथा सामाजिक विकास शाखाबाट पेश भएको घोराही उपमहानगरपालिकाको टोल विकास संस्थाको (गठन तथा संचालन) कार्यविधि २०८१ स्वीकृत गर्ने साथै अल्पकालिन सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ पेश गरियो।

**निर्णय नं. ८**

गत आ.व. २०८०/८१मा ठेक्का सम्झौता भई चालु आ.व.मा सम्पन्न तपसिल बमोजिमका डिप बोरिङहरुको भुक्तानी चालु आ.व.२०८१/८२को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहेको पुराना डिप बोरिङ संचालन (मोटर, भल्भ, पाइपलाइन विस्तार लगायत..) शिर्षकबाट रु. ५२,५५,४७६।- भुक्तानी दिने।

**तपसिलः**

१. घोराही ११ बरुवागाउँ डिपबोरिङ
२. घोराही ७ सुक्रवार डिपबोरिङ
३. घोराही २ गौरीशंकर टोलमा डिपबोरिङ
४. घोराही ७ जवरपुरमा डिपबोरिङ
५. घोराही ८ चिङनेवामा डिपबोरिङ

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको गत आ.व. २०८०/८१को योजना तथा कार्यक्रम अन्तर्गत वडा नं. ५ त्रिवेणी टोल बबई नदीमा तटबन्धन निर्माण योजना विविध कारणले सम्पन्न हुन नसकेकोले उक्त योजनाका लागि विनियोजित रकम रु.३,००,०००।— को ५ प्रतिशत लागत सहभागिता वापत उपभोक्ता समितिबाट बुझाइएकोमा (रसिद नं. १४५२२, मिति २०८०।११।१५) रकम रु.१५,०००।—घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट सम्बन्धीत उपभोक्ता समितिलाई फिर्ता दिने।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. १४ को रझेना चोकदेखि लक्की लामाको घरहुँदै आर्मि व्यारेकसम्मको सडक स्तरउन्नती शीर्षक अन्तर्गत बन्दै गरेको बाटोमा पर्ने ३ वटा विद्युत पोल सार्नका लागि नेपाल विद्युत प्राधिकरणबाट प्राप्त लागत अनुमान बमोजिमको रकम रु.१,१५,९७५।२४।—(एक लाख पन्ध्र हजार नौ सय पचहत्तर र पैसा चौविस) नेपाल विद्युत प्राधिकरण घोराही शाखाबाटै नियमानुसार पेश्की फछ्यौंट हुनेगरी पेश्की रकम योजनाको शीर्षकबाट प्राधिकरणको खातामा उपलब्ध गराउने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. ५ स्थित श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुरले स्थापना काल(२०१८)देखि साविक धर्ना ८ग कि.नं. ३० को क्षेत्रफल ०-४-१५ जग्गामा विद्यालयले भोगचलन गर्दै आएको जग्गा नापी कार्यालय घोराही दाङको फिल्डबुक रजिष्ट्रिरमा जग्गावालाको महलमा स्कुल मात्र उल्लेख भएकोमा उक्त महलमा विद्यालयको नाम श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुर घोराही ५ उल्लेख गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय घोराही दाङमा सिफारिस गर्ने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं ७ माता पवित्रा सांगवेद संस्कृत मा.वि.(गुरुकुल) स्थित उत्तर वाहिनी गंगेश्वर शिवालय मन्दिर क्षेत्रको डि.पि.आर. तयार गर्ने।

**निर्णय नं. १३**

वडा प्रहरी कार्यालय घोराही दाङको च.नं. ६१ मिति २०८१।०७।२५ गतेको पत्रबाट वडा प्रहरी कार्यालयले वडाको विभिन्न स्थानमा गस्ती तथा स्कटीङमा प्रयोग हुने स्कारपियो भ्यान (गाडी नं. ना.१ झ. १३५५) बिग्रिएकोले मर्मत खर्च उपलब्ध गराइदिनुहुन भनि लागत इस्टिमेट सहित अनुरोध भई आएकोले उक्त गाडी मर्मतका लागि अधिकतम रकम रु.२,५०,०००।— सम्म बिलअनुसार सम्बन्धीत पार्टीलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. १४**

**१३.१** निजि तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) दाङलाई तेस्रो प्याब्सन घोराही रनिङ शिल्ड २०८१ संचालनकालागि सहयोग रकम रु.१,००,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१४.२** नेपाल निजामती कर्मचारी संगठन नगरकार्यसमिति दाङलाई संगठनको दोस्रो अधिवेशन मिति २०८१ असोज १७ गते होटल सिटी प्लाजा घोराहीमा सम्पन्न गर्दा भएको खर्च सहयोगका लागि माग भई आएकोले अधिवेशनमा भएको खर्चको विल अनुसारको रकम सम्बन्धीत पार्टीलाई अधिकतम रकम रु.१२,०००।—सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१४.३** घोराही उपमहानगरपालिका वडा नं. ११ बस्ने बालिका गन्धर्वको २०८१।०८।२८ गते आगो ताप्दा शरिरमा आगो लागि अस्पताल भर्ना भई मृत्यू भएको, उहाँको आर्थिक अवस्था निकै कमजोर रहेकोले उहाँको परिवारलाई किरिया खर्चका लागि सहयोग स्वरुप रकम रु.१०,०००।-  घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१४.४** घोराही उपमहानगरपालिका वडा नं. १९ स्थित श्री भगवती माध्यामिक विद्यालय होडवाङ सैघाको खातामा रहेको रकम रु.३,६६,०००।— बाट खर्च हुनेगरी विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०१।०६ गतेको निर्णय अनुसार विद्यालयको खानेपानी र ट्रष्टमा जस्तापाता राखी पार्किङ स्थल निर्माण गर्ने भनि भएको निर्णय बमोजिम निर्माण सम्पन्न गरी प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन सहित भुक्तानीका लागि पेश हुँदा उक्त रकम  रोक्का भई भुक्तानी हुन नसकेकोमा रकम फुकुवाका लागि विद्यालयको च.नं. २८ मिति २०८१।०८।०९ गते पत्रबाट अनुरोध भई आएको र सो सम्बन्धमा सामाजिक विकास महाशाखाबाट मिति २०८१।०९।०७ गते उक्त रकम फुकुवा गर्ने सम्बन्धमा कार्यपालिकाबाट निर्णय गरी फुकुवाको प्रक्रिया अगाडी बढाउन राय टिप्पणी पेश भए अनुरुप विद्यालयको नेपाल बैंक लि.मा रहेको खातामा रहेको रोक्का रकम फुकुवाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन सामाजिक विकास महाशाखालाई निर्देशन दिने।

**१४.५** घोराही उपमहानगरपालिका वडा नं. ११का वडा सदस्य बुद्धिराम बि.सी.को छोरा स्व.बम बहादुर बस्नेतको ३९ वर्षको उमेरमा मिति २०८१।०९।०७ गते असामयिक निधन भएकोले मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदनासाथ शोक प्रस्ताव पारित गर्ने।